आज मिति २०८०/०३/१८ गते सोमबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो।

उपस्थिति:

| क्र.सं. | दस्तखत | नाम | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्त बहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४. | | श्री पञ्च बहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५. | | श्री नर बहादुर नेपाल | गा पा प्रवक्ता एवम् वडा नं.३ वडा अध्यक्ष |
| ६. | | श्री रुद्र प्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७. | | श्री तेज बहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९. | | श्री बम बहादुर थापा मगर | वडा नं.७ वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेक माया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंख बहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री जगत प्रसाद भुसाल | सदस्य-सचिब |

अन्य उपस्थिति:

१. उद्गम तिमिल्सिना, लेखा अधिकृत

२. बासु पण्डित, प्रशासन शाखा प्रमुख

# कार्यपालिकाको प्रस्ताव पेश कार्यसूची

बैठक संख्या: २३

अध्यक्षता: श्री दान बहादुर गुरुङ

बैठक मिति: २०८०।०३।१८

बैठक स्थान: इच्छाकामना गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार ।

बैठक समय: ८:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८०।०३।१८ | ८:०० | ट्रमा सेन्टरलाई संस्थागत अनुदान प्रदान गर्ने सम्बन्धमा । | स्वास्थ्य शाखा | १ |
| २०८०।०३।१८ | ८:०५ | अजिङ्गरे नयाँबस्ती खानेपानी (वडा नं. ४) एक घर एक धारा जडान सम्बन्धमा। | योजना शाखा | २ |
| २०८०।०३।१८ | ८:१० | क्यान्टिन भाडा सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ३ |
| २०८०।०३।१८ | ८:१५ | गाउँ शिक्षा ऐन,२०७४ पहिलो संशोधन बिद्येयक, २०८० सम्बन्धमा। | शिक्षा शाखा | ४ |
| २०८०।०३।१८ | ८:३५ | सहकारी ऐन,२०७५ पहिलो संशोधन बिद्येयक, २०८० सम्बन्धमा। | प्रशासन शाखा | ५ |
| २०८०।०३।१८ | ८:५५ | रणनीतिक कृषि बिकास योजना (२०७९।०८०– २०८३।२०८४) सम्बन्धमा। | कृषि शाखा | ६ |
| २०८०।०३।१८ | ०९:१५ | गाउँ शिक्षा योजना(२०८०।०८१– २०८९।२०९०) स्वीकृती सम्बन्धमा। | शिक्षा शाखा | ७ |
| २०८०।०३।१८ | ९:३५ | योजनाहरुको म्याद थप सम्बन्धमा | योजना शाखा | ८ |
| २०८०।०३।१८ | ९:४५ | औद्योगिक ग्राम स्थापना सम्बन्धमा। | प्रशासन शाखा | ९ |

पूर्व बैठकको समिक्षा

मिति २०८०।०३।०८ मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

कार्यपालिका बैठकको निर्णयहरु

१.इच्छाकामना गाउँपालिका कुरिनटार स्थित सशस्त्र प्रहरी बल, विपद् व्यवस्थापन तालिम शिक्षालयको हाता भित्र रहेको ट्रमा सेन्टर संचालन तथा ब्यवस्थापनको लागि आ.व. २०७९।०८० मा स्वास्थ्य तर्फ बिपन्न तथा आकस्मिक सेवा उपलब्ध गराउने स्वास्थ्य संस्था अनुदान शिर्षकमा बिनियोजित बजेटबाट थप रु.२,५०,०००(अक्षरेपि दुई लाख पचास हजार मात्र) अनुदान रकम उपलब्ध गराउने।

२.अजिङ्गरे नयाँबस्ती क्षेत्रमा खानेपानीको उपलब्ध सुनिश्चित गर्न एक घर एक धारा जडान कार्यको लागि गुजीवाङ्ग जुटपानी बस्तीमा खानेपानी तथा सरसफाई संरचना निर्माण शिर्षकमा बिनियोजित बजेटबाट रु २,१६,०००।–(अक्षरेपि दुई लाख सोह्र हजार मात्र) रकम कुरिनटार ग्रामिण खानेपानी उपभोक्ता समितिलाई उपलब्ध गराउने।

३.गाउँपालिकाले सम्झौता गरी भाडामा क्यान्टिन संचालनको लागि दिएको संरचनाको भाडाको दर गाउँपालिकाले लगाउने बहाल बिटौरी कर बमोजिम हुने गरी कायम गर्ने।

४.इच्छाकामना गाउँपालिकाको "शिक्षा ऐन, २०७४ पहिलो संशोधन विद्येयक,२०८०" स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने।

५.इच्छाकामना गाउँपालिकाको "सहकारी ऐन, २०७५ पहिलो संशोधन बिद्येयक,२०८०" स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने।

६.इच्छाकामना गाउँपालिका कृषि शाखाबाट पेश हुन आएको "पहिलो रणनीतिक कृषि विकास योजना(२०७९।८०– २०८३।८४)" स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने।

७.इच्छाकामना गाउँपालिका शिक्षा, यूवा तथा खेलकुद शाखाबाट पेश हुन आएको "गाउँ शिक्षा योजना(२०८०/ २०८१– २०८९/२०९०)" स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने।

८.म्याद थप सम्बन्धी योजना शाखाबाट प्राप्त प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्ने।

क) समयमा निर्माण सामाग्री उपलब्ध नभएका कारण "थाप्राङ तिपाङ झोलुङ्गे पुल" निर्माण कार्य सम्पन्न हुन नसकेको सम्बन्धमा सार्वजनिक खरिद नियमावलीको नियम १२०(४) बमोजिम सो योजनाको म्याद २०८० चैत्र मसान्त सम्मका लागि थप गर्ने।

ख) फिस्लिङ्ग देखि सिरानगाउँ कालोपत्रे योजना, चुम्लिङ्ग देखि सिरानगाउँ कालोपत्रे योजना, बाँसपुर खानेपानी लिफ्टिङ्ग योजना, गाउँपालिकाको प्रशासकीय भवन निर्माण योजनालाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) अनुसार पूर्व निर्धारित क्षतिपूर्ति कट्टा गर्ने गरी कार्य सम्पन्न गर्न निर्देशन दिने र रनिङ्ग विलमा क्षतिपूर्ति कट्टा गरी भुक्तानी दिने ब्यवस्था मिलाउने।

९.आर्थिक बिकास समितिबाट पेश भएको औद्योगिक ग्राम स्थापना, बिकास र प्रवर्धनका लागि इच्छाकामना वडा नं. ६ साविक चण्डीभञ्ज्याङ ४'क' को कित्ता नं. ६५ र ७२ को पर्ति जग्गा छनौट गरी औद्योगिक ग्राम स्थापना तथा संचालन सम्बन्धी प्रस्ताव नेपाल सरकार उद्योग,बाणिज्य तथा आपूर्ति मन्त्रालयमा पठाउने।

२०८०।३।१८

जगत प्रसाद भुसाल

प्रमूख प्रशासकीय अधिकृत